**उपभोक्ता हित संरक्षण मञ्च नेपालको पर्सा जिल्लाको बिरगंज महानगरमा मिति २०८१ कार्तिक ३० देखि २०८१ मंसिर १ गतेसम्म सम्पन्न २९ औ.वार्षिक साधारणसभाद्वारा पारित २० बुदे बिरगंज घोषणा पत्र**

नेपालको संविधानको धारा ४४ द्वारा प्रदत्त उपभोक्ताको हक अर्न्तगत प्रत्येक उपभोक्तालाई गुणस्तरयि बस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ भन्ने ब्यवस्था गरेको छ । उपभोक्ता अधिकारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले मानव अधिकारको रुपमा अंगिकार गरी सो को प्रत्याभुति गर्ने दायित्व राज्यको भएको सन्दर्भमा उपभोक्ता अधिकारको संरक्षण, सम्बर्द्धन र परिपुर्तिका लागि उपभोक्ता हित संरक्षण मञ्च नेपालको पर्सा जिल्लाको बिरगञ्जमा सम्पन २९ औ साधारण सभाद्वारा पारित २० बुदे बिरगञ्ज घोषणा पत्र पारित गरि जारी गरिएको छ ।

१. नेपालको संविधान, उपभोक्ता संरक्षण ऐन, २०७५ समेतमा भएका उपभोक्ता अधिकार सम्वन्धी कानूनी ब्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि यो साधारणसभा जोडदार माग गर्दछौ ।

२. उपभोक्ता संरक्षण ऐन, २०७५ र सम्मानित सर्वोच्च अदालतको परमादेश आदेश अनुसार उपभोक्ताका मुद्धाहरुको सुनुवाईका लागि अबिलम्ब उपभोक्ता अदालत गठन प्रक्रियालाई पुर्णता प्रदान सिघ्र कार्यान्वयनमा ल्याउन जोडदार माग गर्दछौ ।

३. प्रदेश उपभोक्ता हित संरक्षण ऐन जारी गरी यथासिघ्र कार्यान्वयनमा ल्याउनका लागि सात वटै प्रदेश सरकार समक्ष जोडदार माग गर्दछौ ।

४.सबै पालिकाहरुले हालसम्म पनि स्थानिय बजार ब्यवस्थापन सम्वन्धी ऐन र नियमावली बनाएको नपाईएकोले यथाशीघ्र कानून निर्माण गरी कार्यान्वयमा ल्याउन माग गर्दछौ ।

५.मधेस प्रदेश सरकारको उपभोक्ता हित संरक्षण निर्देशनालय खारेज गर्ने निर्णयको बिरोध गर्दै यथाशीघ्र पुनर्स्थापना गर्न माग गर्दछौ ।

६.उपभोक्ता सुचना केन्द्र स्थापनाको लागि तीन वटै सरकार समक्ष माग गर्दछौ ।

७. माध्यमिक तहको पाठ्क्रममा उपभोक्ता अधिकार सम्वन्धी बिषयबस्तु समावेश गर्नका लागि यो साधारणसभा जोडदार माग गर्दछौ ।

८.बजार अनुगमन प्रभावकारी र परिणाममुखी वनाउनका लागि सम्वन्धित निकाय समक्ष जोडदार माग गर्दछौ ।

१९.ब्यवसाय दर्तामा भैरहेको दोहोरोपनालाई अन्त्य गरि एकद्धार प्रणालीबाट दर्ता एवं नबिकरण लगायतका कार्य गर्नका लागी नेपाल सरकार समक्ष जोडदार माग गर्दछौ ।

२०. पछिल्लो समय देशको अर्थतन्त्रलाई समेत धरापमा पार्ने गरि सहकारी सस्थाहरुमा जम्मा भएको रकम अपचलन भएको सार्वजनिक समाचार प्रति हाम्रो गंभिर ध्यानाकर्षण भएको छ । रकम अपचलनको घटनाको प्रभावकारी अनुसन्धान गरि दोषीलाई कानून बमोजिम कारवाही र पीडितलाई क्षतिपुर्ति र न्यायको प्रत्याभुतिका लागि जोडदार माग गर्दछौ ।

२१. गैर कानूनी रुपमा भित्रिएका ग्यास सिलिण्डरहरुको जफत गरी सरकारी मापदण्ड बमोजिमका ग्यास सिलिण्डरहरु मात्र बजारमा ल्याउनका लागि नेपाल सरकार समक्ष जोडदार माग गर्दछौ ।

यो बैठक सम्पन्न गर्नका लागि बिशेष भुमिका निर्वाह गर्ने उपभोक्ता हित संरक्षण मञ्च नेपाल /मधेस प्रदेश/बाग्मति प्रदेश/ पर्सा जिल्ला समिति र बिरगंज महानगर समिति, कार्यक्रममा उपस्थित प्रमुख अतिथि, अतिथि, संचारकर्मी, नागरिक समाज लगायत बिसुवा होटल, होटल कन्टी इन परिवार, स्थानिय बिरगञ्जवासी प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौ ।

ज्योति वानिया

अध्यक्ष

९.इन्टरनेट सेवा प्रदायक सस्थाहरुबाट उपभोक्ताहरु माथि भएको ठगीको नियन्त्रण गरी गुणस्तरीय सेवा उपलब्ध गराउन माग गर्दछौ ।

१०. शिक्षा र स्वास्थ्य क्षेत्रमा रहेका बेथिति र अराजकता अन्त्य गरी आम नागरिकको शिक्षा र स्वास्थ्यको अधिकार सुनिश्चित गर्न माग गर्दछौ ।

११.सरकारले निशुल्क रुपमा उपलब्ध गराउने भनी घोषणा गरेका सुचिकृत औषधीहरु उपभोक्ताहरुलाई सहज तरिकाले बितरणका लागी जोडदार माग गर्दछौ ।

१२. भ्रामक र उत्तेजक बिज्ञापन गरी उपभोक्ता माथि खेलवाड भैरहेकोले त्यस्ता कार्य रोकी कानूनी दायरामा ल्याउन यो साधारणसभा माग गर्दछौ ।

१३.अनलाईन ब्यापारबाट उपभोक्ता ठगिएको गुनासो ब्यापक रुपमा आएको हुँदा सो को प्रभावकारी अनुगमन र नियमनको तिनै तहका सरकार समक्ष जोडदार माग गर्दछौ ।

१४.खाद्य स्वच्छता र गुणस्तर कायम राख्नका लागि तिनै तहका सरकार समक्ष जोडदार माग गर्दछौ ।

१५.देशमा आतङ्कबादको घोषणा नभएको अवस्थामा पनि आतङ्कबादका नाममा बिमक कम्पनीबाट बिमितबाट रकम लिने कार्य गरिएको प्रति हामी सम्बन्धित निकायको ध्यानाकर्षण गरि यस्ता उपभोक्ता ठगिका कार्य रोक्न माग गर्दछौ । कोरोना बिमामा बिमितले अहिलेसम्म पनि बिमा वापत रकम नपाएको, स्वास्थ्य बिमा गरेका उपभोक्ताले सो बमोजिम औषधी र सेवा स्वास्थ्य सस्थाबाट नपाएको सन्दर्भमा बिमा बमोजिमको सुबिधा बिमितले पाउने ब्यवस्था सुनिश्चित गर्न माग गर्दछौ ।

१६.उपभोक्ता हक उल्लघंनबाट पीडित भएकाहरुको न्यायमा सहज पहुँच र उचित क्षतिपुर्तिको ब्यवस्था मिलाईयोस भनी जोडदार माग गर्दछौ ।

१७. उपभोक्ता अधिकारका सम्बन्धमा अदालत/राष्ट्रिय मानव अधिकार आयोगबाट भएका आदेश/निर्देशनको कार्यान्वयन गरियोस । अदालतको फैसला बमोजिम पीडितले सहज रुपमा क्षतिपुर्ति पाउने ब्यवस्था मिलाईयोस भनी माग गर्दछौ ।

१८.पछिल्लो समय ब्यवसाय र मानव अधिकारको अवधारणा बिकसित भैरहेको सन्दर्भमा सो बिषयलाई प्रभावकारी कार्यान्वयनमा ल्याउन सरकार समक्ष आग्रह गर्दै ब्यवसाय र मानव अधिकारका सवालमा जिम्मेवार र जवाफदेही बन्न आम ब्यवसायीलाई अनुरोध गर्दछौ । आगामी दिनमा यस बिषयलाई मञ्चले प्राथमिकताका साथ वकालत र पैरवी गर्दै जाने ब्यहोरा जानकारी गराउदछौ ।